गरुडा नगरपालिका

# स्थानीय राजपत्र

गरुडा नगरपालिकाद्वारा प्रकाशित

**खण्ड : ४, संख्या : २, मिति : २०८२/०४/०२**

## भाग-१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गरुडा नगरपालिकाको नगर सभाले पारित गरेको ऐन सर्वसाधारणको जानकारीका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम प्रकाशन गरिएको छ ।

**२०८२ सालको ऐन नं. २**

## गरुडा नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८२

**प्रमाणीकरण मिति : २०८२।०४।०१**

**प्रस्तावना:** गरुडा नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क निर्धारण गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी संविधानको धारा २२६ को उपधारा (१) बमोजिम नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम **"गरुडा नगरपालिकाको आर्थिक ऐन, २०८२"** रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गते देखि गरुडा नगरपालिकाको भौगोलिक क्षेत्रमा लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले गरुडा नगरपालिकाको आर्थिक ऐन, २०८२ सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले गरुडा नगर कार्यपालिका सम्झनुपर्छ ।

(ग) "नगरपालिका" भन्नाले गरुडा नगरपालिका सम्झनुपर्छ ।

(घ) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको वा नभएको जुनसुकै फर्म सम्झनुपर्छ ।

(ङ) "व्यक्ति" भन्नाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायीत्व भएको जुनसुकै व्यक्ति सम्झनुपर्छ ।

(च) "सभा" भन्नाले गरुडा नगरपालिकाको नगर सभा सम्झनुपर्छ ।

(छ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

३. **सम्पत्ति कर** : नगरपालिकाको क्षेत्रभित्रको घर र घरले चर्चेको घरजग्गामा **अनुसुची-१** बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

४. **भूमिकर (मालपोत)** : नगरपालिकाको क्षेत्रभित्र दफा ३ बमोजिम बाहेकको अन्य जग्गामा **अनुसूचि-२** बमोजिमको भूमिकर (मालपोत) असूल उपर गरिनेछ ।

५. **घर जग्गा बहाल कर** : नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा **अनुसुची-३** बमोजिम घरजग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

६. **व्यवसाय कर** : नगरपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा **अनुसुची-४** बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

७. **बहाल बिटौरी शुल्क** : नगरपालिकाको क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका **अनुसुची-५** उल्लेखित हाटबजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

८. **पार्किङ शुल्क** : नगरपालिकाको आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराएवापत **अनुसूचि-६** पार्किङ शुल्क असूल उपर गरिनेछ ।

९. **जडीबुटी, कबाडी र जीवजन्तु कर** : नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले जडीबुटी, कबाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायीक कारोवार गरेवापत **अनुसुची-७** बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

१०. **सवारी साधन कर** : नगरपालिकाको क्षेत्रभित्र सञ्चालन भएका सवारी साधनमा **अनुसुची-८** बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

११. **विज्ञापन कर** : नगरपालिकाको क्षेत्रभित्र हुने विज्ञापनमा **अनुसुची-९** बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

१२. **सेवाशुल्क, दस्तुर** : नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेको **अनुसूचि-१०** बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. **प्राकृतिक स्रोत साधनको बिक्रीको न्यूनतम दर** : गरुडा नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्र रहेका नदी, खोला, बगर, सार्वजनिक जग्गा, ऐलानी जग्गाको प्राकृतिक सम्पदाबाट उपलब्ध हुने ढुङ्गा, गिटी, बालुवा, माटोजन्य वस्तु र काठ दाउरामा **अनुसुची-११** बमोजिमको न्यूनतम दररेट कायम गरी प्रचलित कानूनबमोजिम बिक्री गर्न सक्नेछ ।

१४. **कर छुट नहुने** : यस ऐन बमोजिम कर तिर्ने दायीत्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट हुने छैन ।

१५. **कर तथा शुल्क सङ्कलन सम्बन्धि कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

१६. **अन्य व्यवस्था** : नगरपालिकाले विषयगत शाखा, वडा लगायत कार्यालयबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर वा जरिवानालाई सेवासँग आवद्ध गरी असुल उपर गर्नु पर्नेछ ।

१७. **ऐन बमोजिम भए गरेको मानिने** : यो ऐन जारी हुनु भन्दा अघि भए गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

१८. **नियम, कार्यविधि बनाउन सक्ने** : नगरपालिकाले यस विधेकमा भएका व्यवस्थालाइ कार्यान्वयन गर्न अवश्यक नियमावली बनाइ लागु गर्न सक्नेछ ।

१९. **प्रचलित कानुन बमोजिम हुने :** यस ऐनमा उल्लेखित व्यवस्था यसै ऐन बमेजिम र उल्लेख नभएकाको हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

नगर कार्यपालिकाको कार्यालय

# अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

## आ.व. २०८२/०८३ मा लागु हुने सम्पति करको दर

| क्र.सं | कर योग्य सम्पतिको मुल्य | आगामी आ.व.२०८१/०८२ (वार्षिक) |
|---|---|---|
| १. | रु. एक करोड सम्मको सम्पत्तिमा | कर छुट |
| २. | १ करोड देखि २ करोड सम्मको घर जग्गामा | १५,००० |
| ३. | २ करोड देखि ५ करोड सम्म | ३०,००० |
| ४. | ५ करोडभन्दा माथी | ५०,००० |

**द्रष्टव्य** : नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने सम्पति करको मूल्यनिर्धारण गर्दा चालु आर्थिक वर्षमा मालपोत कार्यालय गरुडाले लिखत (रजिष्ट्रेशन) पारितको लागि कायम गरेको मूल्यलाई नै आधार मानि सम्पति कर असुल गरिनेछ ।

# अनुसूची-२

(दफा ४ सँग सम्बन्धित)

## आ.व. २०८२/०८३ मा लागु हुने भूमिकर (मालपोत)

**भूमिकर (मालपोत)**

(क) राजमार्गमा छोएका व्यवसायिक घडेरीहरु प्रतिकठ्ठा रु. १००।००

(ख) **आवास प्रयोजन घडेरीहरु**

बजार क्षेत्र प्रतिकठ्ठा रु. ६०।००

ग्रामीण क्षेत्र प्रतिकठ्ठा रु. ३०।००

**(ग) बजार क्षेत्रका खेतियोग्य जमिनहरु :**

| विवरण | दर |
|---|---|
| डेढ विगाहा सम्मको प्रति कठ्ठा | १५।०० |
| डेढ विगाहा माथि ३ विगाहा सम्म प्रति कठ्ठा | २५।०० |
| ३ विगाहा माथि प्रति कठ्ठा | ३५।०० |

(घ) **ग्रामीण क्षेत्रका क्षेत्रका खेतियोग्य जमिनहरु**

| विवरण | दर |
|---|---|
| प्रति कठ्ठा रु. | १०।०० |
| नदीको छेउछाउको खोला नदी किनारबाट १५० मिटर सम्मको जमिनमा प्रति कठ्ठा | ५।०० |
| २०५८ साल देखि २०७२ साल सम्मको मालपोत तिर्न बाँकीको लागि प्रति कठ्ठा | १०।०० |

## अनुसूची-३

(दफा ५ सँग सम्बन्धित)

### आ.व. २०८२/०८३ मा लागु हुने घरबहाल करको दर

**घरबहाल करको दर**

कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा

**क) बहाल कर :**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | लिने दिने बीचको सम्झौता बमोजिमको बहाल रकमको | १०% |

## अनुसूची-४

(दफा ६ सँग सम्बन्धित)

आ.व. २०८२/०८३ मा लागु हुने व्यवसाय करको दर

**व्यवसाय करको दर**

**(गरुडा नगरपालिकाले नगरपालिकाको भौगोलिक क्षेत्रभित्र तपसिल बमोजिमको व्यापार व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाइनेछ ।)**

| सि.नं. | विवरण | वार्षिक करका दरहरु(रु.) |
|---|---|---|
| | **व्यापारीक बस्तु** | |
| १ | **मदिरा पसल** | |
| | रक्सी, वियरको डिस्टिब्युटर्स र थोक | ७५००/०० |
| | रक्सी, वियरको खुद्रा बिकी पसल | १५००/०० |
| २ | **सुर्ती जन्य (धूम्रपान पसल)** | |
| | चुरोट, विडी, सूर्तीजन्य पदार्थको डिलर पसल र थोक विक्रेता | २००० |
| | चुरोट, विडी, सूर्तीजन्य पदार्थको खूद्रा पसल | १००० |
| ३ | **हल्का पेय पदार्थ पसल** | |
| | हल्का पेय पदार्थको डिलर | १००० |
| | हल्का पेय पदार्थको खुद्रा पसल | ५०० |
| ४ | **सून चांदी पसल** | |
| | सुन चांदी पसल श्रेणी क | २५०० |
| | सुन चांदी पसल श्रेणी ख | १५०० |
| | सुन चांदी पसल श्रेणी ग | १००० |
| ५ | **औषधी(फार्मेसी) व्यवसाय** | |
| | औषधी सुपर डिस्ट्रिव्यूटर्स तथा थोक डिस्ट्रिव्यूटर्स | २००० |
| | औषधी खुद्रा पसल | १००० |

| सि.नं. | विवरण | वार्षिक करका दरहरु(रु.) |
|---|---|---|
| ६ | **आयुर्वेदिक औषधी पसल** | |
| | हर्वल उत्पादन तथा आयुर्वेदिक औषधी थोक पसल | १०००/०० |
| | हर्वल उत्पादन तथा आयुर्वेदिक औषधी खुद्रा | ५००/०० |
| | एग्रोभेट थोक पसल | १०००/०० |
| | एग्रोभेट खुद्रा पसल | ५००/०० |
| ७ | **स्टेशनरी तथा पुस्तक पसल** | |
| | स्टेशनरी तथा पुस्तक डिस्ट्रिव्यूटर्स र थोक विक्रेता | १५००/०० |
| | स्टेशनरी तथा पुस्तक खुद्रा | ५००/०० |
| | मूद्रण सामाग्री खरिद बिक्री तथा कापी उद्योग | ५००/०० |
| ८ | **डिपार्टमेन्टल पसल** | |
| | डिपार्टमेन्टल पसल/सपिङ्ग सेन्टर श्रेणी क | २०००/०० |
| | डिपार्टमेन्टल पसल/सपिङ्ग सेन्टर श्रेणी ख | १०००/०० |
| ९ | **कस्मेटिक पसल** | |
| | कस्मेटिक थोक पसल श्रेणी क | १०००/०० |
| | कस्मेटिक खूद्रा पसल श्रेणी ख | ५००/०० |
| | कस्मेटिक खूद्रा पसल श्रेणी ग | १००/०० |
| १० | **मोटर पार्ट तथा बोडी विल्डर्स सामान विक्री** | |
| | मोटर पार्टस सामान विक्री श्रेणी क | २००० |
| | मोटर पार्टस सामान विक्री श्रेणी ख | १००० |
| | बोडी विल्डर्स सामान विक्री श्रेणी क | २००० |
| | बोडी विल्डर्स सामान विक्री श्रेणी ख | १००० |
| ११ | **लुब्रिकेसन सेक्सन तर्फ (आयल निगम)** | |
| | लुब्रिकेसन थोक पसल | २००० |
| | लुब्रिकेसन खुद्रा पसल | १००० |
| १२ | **प्लाई तथा ग्लास हाउस** | |
| | प्लाई तथा ग्लास हाउस थोक पसल | २००० |
| | प्लाई तथा ग्लास हाउस खूद्रा पसल | १००० |
| १३ | **कपडा तथा फेन्सी पसल** | |
| | कपडा,फेन्सी तथा व्याग थोक पसल | १५०० |
| | कपडा,फेन्सी तथा व्याग खुद्रा पसल श्रेणी क | १००० |
| | कपडा,फेन्सी तथा व्याग खुद्रा पसल श्रेणी ख | ५००० |
| १४ | **धागो टांक फस्नर थोक पसल** | |
| | धागो, टांक, फस्नर थोक पसल | १००० |
| | धागो, टांक, फस्नर खूद्रा पसल | ५०० |
| १५ | **इलेक्ट्रोनिक विक्री पसल** | |
| | मोवाइल कम्पनी सेल्फ उपशाखा, डिस्ट्रिव्यूटर्स | २००० |
| | इलेक्ट्रोनिक थोक पसल | २००० |
| | इलेक्ट्रोनिक खूदा पसल श्रेणी क | १००० |
| | इलेक्ट्रोनिक खूदा पसल श्रेणी ख | ५०० |
| | रेडियो,घडी,क्याल्कुलेटरमात्र बिक्री पसल | ५०० |
| | अडियो, भिडियो क्यासेट तथा मोवाईल पसल | ५०० |

| सि.नं. | विवरण | वार्षिक करका दरहरु(रु.) |
|---|---|---|
| **१६** | **विद्यूत सामाग्री पसल** | |
| | विद्यूत सामाग्री थोक पसल | १५०० |
| | विद्यूत सामाग्री खुद्रा पसल | ५०० |
| **१७** | **हार्ड वयर/मेशिनरी/पेन्ट/सेनेटरी तथा मार्बल पसल** | |
| | थोक पसल | २००० |
| | खुद्रा पसल श्रेणी क | १५०० |
| | खुद्रा पसल श्रेणी ख | १००० |
| **१८** | **पेट्रोलियम पदार्थ** | |
| | पेट्रोलियम पदार्थ ३ पम्प वा सो भन्दा माथि | ६००० |
| | पेट्रोलियम पदार्थ २ वटा पम्प भएको | ४००० |
| | पेट्रोलियम पदार्थ १ मात्र पम्प भएको | २००० |
| | पेट्रोलियम पदार्थ पम्प नभएको डिलर | १००० |
| | ग्यांस सिलिण्डर डिलर सव डिलर | ५०० |
| **१९** | **स्टील, आल्मुनियमको पसल** | |
| | स्टील, आल्मुनियमको थोक पसल | १००० |
| | स्टील, आल्मुनियमको खूद्रा पसल | ५०० |
| **२०** | **फर्निशर्स पसल** | |
| | फ्लोरिङ तथा फर्निशर्स थोक पसल | २००० |
| | फ्लोरिङ तथा फर्निशर्स खुद्रा पसल | १००० |
| **२१** | **सवारी साधन एजेन्सी तथा थोक विक्री पसल** | |
| | बस,ट्रक, ट्रयाक्टर जिप,कारको डिलर | ३००० |
| | मोटरसाइकल अन्य सवारी साधनको डिलर(स्वदेशी उत्पादन) | १५०० |
| | इलेक्ट्रिक साईकल तथा साइकल पसल | १००० |
| | रि कन्डिसन हाउस | ५०० |
| **२२** | **थोक तथा एजेन्सी** | |
| | टायर डिलर | २००० |
| | पम्पिङ्गसेट, जेनेरेटर डिलर | १५०० |
| | विविध विषयका सामान सप्लायर्स तथा एजेन्सीहरु | १००० |
| **२३** | **खाद्यान्न तथा किराना पसल** | |
| | खाद्यान सप्लायर्स | १५०० |
| | गल्ला थोक पसल | २००० |
| | खाद्यान,किराना थोक पसल | १५०० |
| | खाद्यान,किराना खुद्रा पसल | ५०० |
| | भित्री सडकमा रहेका साना किराना पसल | २५० |
| | आलु, प्याज, लसुन, अदूवा थोक पसल | १००० |
| **२४** | **फलफुल पसल** | |
| | फलफुल थोक पसल | १००० |
| | फलफुल खूद्रा पसल | ५०० |
| **२५** | **सागसब्जी पसल** | |
| | सागसब्जी थोक पसल | ५०० |
| | सागसब्जी खूद्रा पसल | २०० |

| सि.नं. | विवरण | वार्षिक करका दरहरु(रु.) |
|---|---|---|
| २६ | **कपडा पसल** | |
| | कपडा थोक पसल | २००० |
| | कपडा खुद्रा पसल | १००० |
| **बिशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | | |
| २७ | **चिकित्सक** | |
| | निजी सेवा संचालन गर्ने कन्सल्टेण्ट डाक्टर | २५०० |
| | निजी सेवा संचालन गर्ने मेडिकल अफिसर | २००० |
| | कबिराज र स्वास्थ्य कर्मी(क्लीनीक) | १००० |
| २८ | **कन्सल्ट्यान्ट सेवा** | |
| | सूचीकृत वापत (घर नक्सा सम्बन्धी) | ५००० |
| | स्वास्थ्य सेवा तर्फ होसपिटल तथा नर्सिङ दर्ता | ५००० |
| | इन्जिनियरिङ परामर्श सेवा फर्म | ५००० |
| २९ | **कानुन व्यवसायी** | |
| | ल फर्म तथा कानुन परामर्श सेवा | २००० |
| ३० | **लेखा परीक्षण व्यवसाय तर्फ** | |
| | लेखा परीक्षण (सि.ए.) | २००० |
| | लेखा परीक्षण (र.ले.प) | १५०० |
| ३१ | **दन्त चिकित्सा सेवा** | |
| | दन्त चिकित्सा सेवा | १५०० |
| ३२ | **अनुसन्धानकर्ता तथा सेवा परामर्श दाता** | |
| | अनुसन्धानकर्ता | २००० |
| | कम्प्यूटर एनालिस्ट तथा प्रोग्रमर | १५०० |
| | विमा एजेन्ट | १५०० |
| | सर्भेयर | १५०० |
| | नोटरी पव्लिक अनुवादक | १५०० |
| | पशू चिकित्सक | १५०० |
| | शेयर दलाल | २००० |
| | ढुवानी कम्पनी तथा ट्रान्सपोर्ट व्यवसाय | १५०० |
| | संथागत पेन्टर | ५०० |
| **निर्माण व्यवसाय** | | |
| | स्वदेशी निर्माण व्यवसायी | ४००० |
| | विदेशी निर्माण व्यवसायी एवं परामर्श दाता | ५००० |
| ३३ | **भवन निर्माण व्यवसाय** | |
| | मिक्चर तथा सटरिङ्ग सामान भएकोलाई | ३००० |
| | सटरिङ्ग सामानमात्र भएको | १५०० |
| | भवन निर्माण व्यवसायी | २००० |
| ३४ | **सटरिङ्ग व्यवसाय** | |
| | मिक्चर तथा सटरिङ्ग सामान भएको | १००० |
| | सटरिङ्ग सामानमात्र भएको | ७०० |
| | वाटर ड्रिलिङ्ग | ५०० |
| **उत्पादनमुलक उद्योग** | | |

| सि.नं. | विवरण | वार्षिक करका दरहरु(रु.) |
|---|---|---|
| ३५ | **प्लाष्टिक उद्योग** | |
| | प्लाष्टिक उद्योग श्रेणी क | २००० |
| | प्लाष्टिक थोक पसल | १००० |
| | प्लाष्टिक पसल तथा सप्लायर्स श्रेणी क | १००० |
| | प्लाष्टिक पसल तथा सप्लायर्स श्रेणी ख | १००० |
| ३६ | **चप्पल उद्योग** | |
| | चप्पल उद्योग श्रेणी क | २०० |
| | चप्पल थोक विक्रि पसल | १५०० |
| | चप्पल विक्रि खुद्रा विक्रि पसल श्रेणी क | १००० |
| | चप्पल विक्रि खुद्रा विक्रि पसल श्रेणी ख | ५०० |
| ३७ | **ग्रील उद्योग** | |
| | स्टील,आल्मूनियम ग्रील उद्योग | १५०० |
| | फलामको ग्रील उद्योग | १००० |
| ३८ | **साबून उद्योग तथा विक्रि पसल** | |
| | साबुन उद्योग श्रेणी क | २००० |
| | साबुन उद्योग श्रेणी ख | १५०० |
| | सावून विक्रि पसल | ५०० |
| ३९ | **जूत्ता उद्योग तता विक्रि पसल** | |
| | जुत्ता उधोग तथा जुत्ताको शो रुम | २००० |
| | जुत्ताको शो रुम तथा विक्रि पसल | ५०० |
| | जुत्ता मर्मत गर्ने | नि.शुल्क |
| ४० | **पशुपालन तथा पशु आहार उद्योग** | |
| | पशु आहर उद्योग | १००० |
| | पशु आहर बिक्री केन्द्र | ७०० |
| | पशु पंछी पालन उद्योग | ५०० |
| ४१ | **घरेलु कुटिर उद्योग** | |
| | अगर बत्ती उद्योग | ५०० |
| | मैन बत्ती उद्योग | ५०० |
| | अचार उद्योग | २५० |
| | अन्य कूटिर उद्योग | २५० |
| ४२ | **कपडा तथा गार्मेन्ट उद्योग** | |
| | कपडा उद्योग | २००० |
| | गारमेन्ट उद्योग | १५०० |
| | ज्याकेट तथा ब्याग उद्योग | २००० |
| | होजियारी तथा धागो उद्योग | १००० |
| | सिरक डसना उद्योग/पसल | १००० |
| | ढाका उद्योग श्रेणी क | १००० |
| | ढाका उद्योग श्रेणी ख | ५०० |
| ४३ | **छाता ,सलाई उद्योग** | |
| | सलाई उद्योग श्रेणी क | २००० |
| | सलाई उद्योग श्रेणी ख | १५०० |

| सि.नं. | विवरण | वार्षिक करका दरहरु(रु.) |
|---|---|---|
| | छाता उद्योग श्रेणी क | २००० |
| | छाता उद्योग श्रेणी ख | १५०० |
| ४४ | **पेय पदार्थ उत्पादन उद्योग,** | |
| | मिनरल वाटर उद्योग | २००० |
| | पिउने पानी सप्लायर्स | १५०० |
| | आइस बरफ उद्योग | १००० |
| | आइसक्रीम उद्योग | १००० |
| | सोडा उद्योग | १००० |
| ४५ | **भांडा उद्योग** | |
| | कांस,तामा, पित्तल, भाडा उद्योग | २००० |
| | आल्मुनियम भाडा उद्योग | १००० |
| | पलास्टीक भाडा उद्योग | १००० |
| | टिनको वाकस,बाल्टी,स्टोभ | १००० |
| ४६ | **कूटानी, पेलानी मिल, गोलागदी** | |
| | फलावर/राइस/चिउरा/भुजा मिल | २००० |
| | कूटानी, पेलानी मिल (हलर समेत), चिउरा मिल र मसला उद्योग | ३०० |
| | धान, मकै, गहु, दलहन लगायतको गोला गदी | २,००० |
| ४७ | **डेरी उद्योग** | |
| | डेरी उद्योग तथा विक्रि पसल | १५०० |
| | डेरी विक्रि पसल | ५०० |
| ४८ | **उपभोग्य बस्तु उत्पादन उद्योग** | |
| | कुकिज/पाउरोटी/नुडल्स उद्योग श्रेणी क | १५०० |
| | कुकिज/पाउरोटी/नुडल्स उद्योग श्रेणी ख | १००० |
| | कन्फेक्सनरी उद्योग श्रेणी क | १००० |
| | कन्फेक्सनरी उद्योग श्रेणी ख | ५०० |
| | विस्कुट उद्योग श्रेणी क | १००० |
| | विस्कुट उद्योग श्रेणी ख | ५०० |
| | दालमोठ उद्योग | ५०० |
| ४९ | **रिकण्डिसन उद्योग** | |
| | फलाम कृषि औजार उद्योग | २००० |
| | कागज, प्लाष्टिक रिकण्डिसन उद्योग | १००० |
| ५० | **उर्जा मूलक उद्योग** | |
| | हाइड्रो पावर सम्बन्धी पार्ट उत्पादन क. | २५०० |
| | वायो ग्यास उद्योग | २००० |
| | सौर्यशक्ति उत्पादन उधोग | १५०० |
| | मर्मत संभार पार्ट बिक्री | ५०० |
| ५१ | **कृषि तथा बनजन्य उद्योग** | |
| | कृषि कृषक समूह दर्ता | ५०० |
| | कृषि कृषक समूह नविकरण | ३०० |
| | कृषि तथा पशूपंछि फर्म | १५०० |

| सि.नं. | विवरण | वार्षिक करका दरहरु(रु.) |
|---|---|---|
| | प्लाइउड उद्योग | १००० |
| | समिल उद्योग | २५०० |
| | काठ विक्री डिपो | २००० |
| | काठको फर्निचर उद्योग,/शोरुम (ठूलो) | २००० |
| | काठको फर्निचर शोरुम,(सानो) | १००० |
| | बेतबांसको उद्योग/व्याम्बो शोरुम | ५०० |
| ५२ | **खनिज उद्योग** (कंक्रिट उद्योग) | |
| | कंक्रिट व्लक | २००० |
| | सेनेटरी उद्योग तथा व्यवसाय | १५०० |
| | क्रेसर उद्योग | १०००० |
| | ईटा उद्योग | प्रति ट्रक ईँटा रु. ६००<br>प्रति ट्रयाक्टर रु. २०० |
| ५३ | **पर्यटन उद्योग** (होटल लज एण्ड रेष्टुरेण्ट) | |
| | पार्टी प्यालेस | २५०० |
| | होटल लज एण्ड रेष्टुरेण्ट | २००० |
| | होटल एण्ड लज श्रेणी क | २००० |
| | होटल एण्ड लज श्रेणी ख | १८०० |
| | होटल एण्ड रेष्टुरेण्ट श्रेणी क | १८०० |
| | होटल एण्ड रेष्टुरेण्ट श्रेणी ख | १२०० |
| | फास्टफुट तथा क्याफे | १००० |
| | होटल,भोजनालय | १००० |
| ५४ | **मिष्ठान/क्याटरिङ्ग पसल** | |
| | मिष्ठान/क्याटरिङ्ग पसल | २५०० |
| | मिष्ठान पसल श्रेणी क | १५०० |
| | मिष्ठान पसल श्रेणी ख | १००० |
| | क्याटरिङ्ग | १००० |
| | चिया तथा कफि पसल | ५०० |
| ५५ | **टेण्ट हाउस** | |
| | विजुली डेकोरेशन/बैण्ड बाजा सहितको टेण्ट हाउस | २००० |
| | विजुली डेकोरेशन सहितको टेण्ट हाउस | १००० |
| | विजुली डेकोरेशन रहितको टेण्ट हाउस | १००० |
| | टेण्ड हाउस | १००० |
| | **सेवा उद्योग** | |
| ५६ | **छापाखाना** | |
| | अफसेट प्रेस | २००० |
| | स्किन प्रिन्ट प्रेश | १००० |
| | लेटर प्रिन्ट प्रेश | १००० |
| ५७ | **सिनेमा हल** | |
| | सिनेमा हल | ४००० |
| | फिल्म डिस्ट्रिव्यूटर्स | ३००० |
| ५८ | **कलरल्याव सेवा** | |

| सि.नं. | विवरण | वार्षिक करका दरहरु(रु.) |
|---|---|---|
| | कलरल्याव सेवा | १५०० |
| | भिडियो मिक्सिङ | १५०० |
| | फोटोकपी सेवा | ५०० |
| ५९ | **संचार सेवा** | |
| | टेलिफोन ,मोवाईल सेवा प्रदायक कम्पनी लाई | ५००० |
| | टि.भि. च्यानल प्रशारण सेवा | २५०० |
| | केबुल च्यानल प्रशारण सेवा | २५०० |
| | एफ.एम.प्रशारण सेवा | १००० |
| | पत्रपत्रिका प्रकाशन सेवा | १००० |
| | केबल व्यवसाय वार्षिक | १५०० |
| ६० | **कम्यूनिकेशन सेवा** | |
| | टुर एन्ड टाभल्स सेवा/बूकिंग काउन्टर सेवा | २००० |
| | फोटोकपि/पी.सी.ओ.साइवर क्याफे सेवा | १००० |
| | कूरियर सेवाको मूख्य कार्यालय | १००० |
| | कूरियर सेवाको शाखा कार्यालय | ५०० |
| ६१ | **बित्तीय सेवा** | |
| | बाणिज्य बैंक मूख्य कार्यालय | १५००० |
| | वाणिज्य वैंक प्रति शाखा कार्यालय | १०००० |
| | बिकास बैंक मूख्य कार्यालय | १५००० |
| | विकास वैंकप्रति शाखा कार्यालय | १०००० |
| | फाइनान्स कम्पनी मूख्य कार्यालय | १५००० |
| | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | ५००० |
| | लघूवित्त कम्पनीहरु | ३००० |
| | विमा कम्पनीहरु | ५००० |
| | रेमिटान्स तथा मनी एक्सचेन्जर | २००० |
| | वित्तीय (ऋण तथा बचत) सहकारी संस्था | १००० |
| | अन्य सहकारी संस्था | ५०० |
| | **स्वास्थ सेवा** | |
| ६२ | **स्वास्थ्य सेवा व्यवसाय** | |
| | नाफा वितरण नगर्ने वा गैह्र नाफामुलक अस्पताल | ४००० |
| | निजी अस्पताल | ५००० |
| | नर्सिङ्गहोम | ३५०० |
| | एम.आर.आइ., सि.टि.स्क्यान, अल्ट्रा साउण्ड क्लिनिक | २५०० |
| | पोली क्लिनिक | २००० |
| | प्याथोलोजी ल्याब | २००० |
| | अक्यूपन्चर,फिजियो थेरापी, स्वास्थ्य क्लिनिक | ३००० |
| | एक्सरे क्लिनिक | १५०० |
| | चश्मा पसल | १००० |
| | आयूर्वेद उपाचार तथा प्राकृतिक चिकित्सा क्लिनिक | १५०० |
| | **शिक्षा सेवा** | |
| ६३ | **निजी शिक्षालय** | |

| सि.नं. | विवरण | वार्षिक करका दरहरु(रु.) |
|---|---|---|
| | क्याम्पस/उच्च माध्यमिक विद्यालय | ३००० |
| | माध्यमिक विद्यालय | २००० |
| | निम्न माध्यमिक विद्यालय | १५०० |
| | प्राथमिक विद्यालय / मन्टेश्वरी तथा शिशु स्याहर केन्द्र | १००० |
| | छात्र / छात्रावास | १५०० |
| ६४ | **इन्स्टिच्युट,तालिम तथा अनुसन्धान केन्द्र** | |
| | पोली टेक्निकल इन्स्टिच्यूट, प्रशिक्षण समेत | २००० |
| | नर्सिङ्ग, सिए.मए.ए., एच.ए. प्रशिक्षण कोचिङ्ग सेन्टर समेत | २००० |
| | एजूकेशनल कन्सल्टेन्सी सेवा | १५०० |
| | कम्प्युटर/ईलेक्ट्रो.तालिम केन्द्र | १५०० |
| | सवारी चालक तालीम केन्द्र | १५०० |
| | भाषा शिक्षा इन्स्टिच्यूट,कोचिङ्ग सेन्टर | १५०० |
| ६५ | **अन्तराष्ट्रिय गैर सरकारी संस्था, सहकारी तथा संध संस्थाहरु** | |
| | सहकारी दर्ता वापत | ३००० |
| | सहकारी नविकरण | १५०० |
| | संघ संस्था दर्ता | ३००० |
| | संघ संस्था नविकरण | १५०० |
| | अन्तराष्ट्रिय संस्था (ब्यवसायिक कारोबार गर्ने) | ३००० |
| | राष्ट्रिय संस्था | २५०० |
| | समुह दर्ता | ५०० |
| | **मर्मत तथा संभार सेवा** | |
| ६६ | **बोडी विल्डर्स सेक्सन तर्फ** | |
| | नयां बोडी बनाउने श्रेणी क | २००० |
| | नयां बोडी बनाउने श्रेणी ख | १५०० |
| | बोडी मर्मत गर्ने | १००० |
| ६७ | **लेथ सेक्सन तर्फ** | |
| | लेथ सेक्सन श्रेणी क | १५०० |
| | लेथ सेक्सन श्रेणी ख | १००० |
| | लेथ सेक्सन श्रेणी ग | ५०० |
| ६८ | **टायर सेक्सन तर्फ** | |
| | टायर डिलर शोरुम | २००० |
| | टायर रिसोलिङ्ग श्रेणी क | १००० |
| | टायर रिसोलिङ्ग श्रेणी ख | १००० |
| | टायर पन्चर मर्मत | ५०० |
| ६९ | **ईन्जिन मर्मत सेक्सन तर्फ** | |
| | ईन्जिन मर्मत श्रेणी क | २००० |
| | ईन्जिन मर्मत श्रेणी ख | १५०० |
| | ईन्जिन मर्मत श्रेणी ग | १००० |
| ७० | **पेन्टिङ्ग/डेन्टिङ्ग/वेल्डिंग सेक्सन तर्फ** | |
| | डेन्टिङ्ग/पेन्टिङ्ग/वेल्डिङ्ग सेवा | १५०० |
| | डेन्टिङ्ग सेवा | १००० |

| सि.नं. | विवरण | वार्षिक करका दरहरु(रु.) |
|---|---|---|
| | पेन्टिङ्ग सेवा | १००० |
| | वेल्डिङ्ग सेवा | १००० |
| ७१ | **पम्प सेक्सन मर्मत तर्फ** | |
| | पम्प सेक्सन मर्मत श्रेणी क | १५०० |
| | पम्प सेक्सन मर्मत श्रेणी ख | १००० |
| ७२ | **व्याट्री/इलेक्ट्रिक सेक्सन तर्फ** | १५०० |
| | व्याट्री/इलेक्ट्रिक सेक्सन श्रेणी क | १००० |
| | व्याट्री/इलेक्ट्रिक सेक्सन श्रेणी ख | १००० |
| ७३ | **वासिङ्ग सेक्सन तर्फ श्रेणी** | ५०० |
| | वासिङ्ग सेक्सन श्रेणी क | १००० |
| | वासिङ्ग सेक्सन श्रेणी ख | १००० |
| ७४ | **रिक्सा, साइकिल** | |
| | रिक्सा साइकिल विक्री पसल | १००० |
| | रिक्सा, साइकिल मर्मत तथा पार्टस बिक्री पसल | १००० |
| ७५ | **अटो सम्बन्धी अन्य सेवा** | |
| | मोटर साइकल मर्मत | १५०० |
| | कमानी पट्टा मर्मत | १००० |
| | रेडियटर मर्मत | ५०० |
| | सिट मेकिंग तथा ग्रिसिंग सेवा | ५०० |
| | हेड मर्मत सेक्सन | ५०० |
| ७६ | **अन्य मर्मत सेवा** | |
| | टि.भी.,डेक,फ्रिज,कम्प्यूटर, मर्मत पसल | |
| | मोर्वाइल मर्मत पसल | १००० |
| | रेडियो, घडी मर्मत पसल | ५०० |
| | अन्य मर्मत पसल | ५०० |
| ७७ | **हेभिइक्यूवमेन्ट तथा कवार्ड पसल** | |
| | हेभिइक्यूवमेन्ट खरीद/विक्री श्रेणी क | २००० |
| | हेभिइक्यूवमेन्ट खरीद/विक्री श्रेणी ख | १५०० |
| | अन्य कवार्ड खरिद विकी | १००० |
| | **अन्य सेवा** | |
| ७८ | **वैदेशिक रोजगार सेवा परामर्श दाता** | |
| | वैदेशिक रोजगार सेवा परामर्श दाता | २००० |
| | वैदेशिक रोजगार परामर्श सेवा शाखा कार्यालय | १५०० |
| | सेवा परामर्श दाता | १००० |
| | श्रमिक सेवा परामर्श दाता | १००० |
| | सामान सहित श्रमिक सेवा परामर्श दाता | १००० |
| ७९ | **ड्राइक्लिनिक,सैलून तथा ब्यूटीपार्लर** | |
| | ब्यूटी पार्लर सेवा ब्यूटिशियन तालिम सहितको | १५०० |
| | ब्यूटी पार्लर सेवा | १००० |
| | ब्यूटी पार्लर सेवा सामन्य खालको | ५०० |
| | कालिगढ सहितको सैलुन सेवा | ८०० |

| सि.नं. | विवरण | वार्षिक करका दरहरु(रु.) |
|---|---|---|
| | सैलुन २ सीट सम्मको सैलुन सेवा | ७०० |
| | साधारण सैलून | ७०० |
| | ड्राइक्लिनिक सेवा | ७०० |
| ८० | **साईन वोर्ड आर्ट व्यवसाय** | |
| | डिजिटल आर्ट व्यवसाय | १००० |
| | अन्य आर्ट व्यवसाय | ५०० |
| ८१ | **पशुबधशला** | |
| | पशुबधशला | २००० |
| | पशुको छाला संकलन तथा विक्रि केन्द्र | १५०० |
| ८२ | **माछा, मासू विक्री पसल** | |
| | प्याकिङ माछा,मासु सप्लायर्स | २००० |
| | माछा,मासु मध्ये कम्तिमा ३ वटा सेवा एकै ठाउंमा भएको | २००० |
| | माछा,मासु मध्ये कम्तिमा २ वटा सेवा एकै ठाउंमा भएको | १५०० |
| | कुनै एक प्रकारको मासु बिक्री पसल | १००० |
| | ताजा माछा, सिद्रा विक्री पसल | १००० |
| | अण्डा विक्री पसल | १००० |
| ८३ | **फूल बिरुवा विक्री पसल** | |
| | नर्सरी | १००० |
| | फूल विक्री पसल | ७५० |
| ८४ | **स्नूकर/पूल हाउस** | |
| | स्नुकर तथा पुल दुवै भएको | १५०० |
| | स्नुकर | १००० |
| | पुल हाउस | १००० |
| ८५ | **भांडा पसल, किचन सामाग्री** | |
| | भांडा तथा किचन सामाग्री थोक पसल | २००० |
| | भांडा तथा किचन खूर्दा पसल क | १००० |
| | साधारण भांडा खुद्रा पसल ख | ५०० |
| ८६ | **खेलौना ,गिफ्ट तथा फोटो प्रेम पसल** | |
| | खेलौना तथा गिफ्ट पसल | १००० |
| | खेलौना पसल | ७०० |
| | फोटो फ्रेम पसल | ५०० |
| ८७ | **सिलाई मेसिन मर्मत तथा सिलाई पसल** | |
| | सिलाई पसल श्रेणी क | १००० |
| | सिलाई पसल श्रेणी ख | ८०० |
| | सिलाई पसल श्रेणी ग | ८०० |
| | सिलाई मेसिन मर्मत पसल | ७०० |
| | बुटिक ल्याब्रटोरी | ५०० |
| ८८ | **संगित तथा कला केन्द्र सेवा** | |
| | श्रेणी क | ७०० |
| | श्रेणी ख | ५०० |
| ८९ | **घूम्ति हाटवजारमा ब्यावसाय गर्न तथा माथि उल्लेख नभएका** | |

| सि.नं. | विवरण | वार्षिक करका दरहरु(रु.) |
|---|---|---|
| | **ब्यसायिको हकमा** | |
| | फेन्सी तथा कपडा पसल | ५०० |
| | किराना बिसाता एवं भाडा पसल | ५०० |
| | अन्य प्रकृतीका / तथा साना व्यवसायहरु | ४०० |
| ९० | **माथी उल्लेख नभएका उद्योगहरुको हकमा** | |
| | ठूला उद्योग | ५००० |
| | मझौला उद्योग | ३००० |
| | साना उद्योग , घरेलु | २००० |
| ९१ | **माथी उल्लेख नभएका अन्य पेशा ब्यवसाय** | |
| | डिस्ट्रीबयुटर्स/थोक पसल | २००० |
| | खुद्रा पसल श्रेणी क | १५०० |
| | खुद्रा पसल श्रेणी ख | १५०० |
| | खुद्रा पसल श्रेणी ग | १००० |
| | सेवा प्रदायक अन्य ब्यवसाय | १००० |

***द्रष्टव्य :***

१. पूँजी लगानीको आधारमा रु.३ लाख सम्मको व्यवसायलाई “ग”वर्ग, १० लाख सम्मलाई “ख” वर्ग र सोभन्दा माथिलाई “क” वर्ग मानिनेछ ।

२. दर्ता, नविकरण दस्तुर उल्लेख नभएका नगरपालिका क्षेत्रभित्र संचालित वा संचालन गरिने उल्लेखित व्यवसायहरु नगरपालिकामा दर्ता र नवीकरण गरेर मात्र संचालन गर्न सकिनेछ । यस आ.व. मा उल्लेखित कर बाहेक “क” वर्गको व्यवसाय दर्ता र नविकरण रु.२०००।, “ख” वर्गको कोलागि दर्ता र नविकरण रु. १०००। र “ग” वर्गको व्यवसाय दर्ताको लागि दर्ता र नविकरण रु. ५००।

२. माथि उल्लेखित बाहेक अन्य व्यवसायहरुलाई व्यवसायको प्रकृति हेरी रु.१००।- देखी ५०००।- सम्म दर्ता शुल्क र व्यवसाय कर लिने ।

३. व्यवसाय प्रत्येक वर्ष तोकिए बमोजिम व्यवसाय कर तिरी नवीकरण दस्तुर तिरेर नविकरण गर्नु पर्नेछ ।

**पुनश्च :**यसमा उल्लेखित व्यवसाय वाहेक नगरपालिकामा व्यवसायी र उद्योगीको सहमति अनुसार तिर्ने भनि व्यवस्था गरिएको रकममा नघटने गरी कर अशुली गरिने व्यवस्था कायम गरीने छ । वातावरण प्रदुशण कायम गर्ने उद्योगहरुको हकमा उद्योगसंग आपसी सहमतिमा निश्चीत रकम पर्यावरण शुल्क वापत अशुल गरिने छ ।

**अनुसूची-५**
(दफा ७ सँग सम्बन्धित)
आ.व. **२०८२/०८३** मा लागु हुने बहाल विटौरी शुल्कको दर

**बहाल विटौरी करको दर रेट**
**(नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार, वा पसल वा सरकारी जग्गामा बनेका संरचना उपयोग गरेवापत निम्नानुसारको शुल्क लाग्ने छ।)**
**क) सार्वजनिक, ऐलानी जग्गा र सरकारी संरचना उपयोग :**

| सि.नं. | विवरण | मासिक रकम |
|---|---|---|
| १ | सरकारी संरचना, सार्वजनिक, ऐलानी तथा दर्ता छुट जग्गामा व्यापार व्यवसायको लागी प्रति स्टल/कोठा/ठेला गाडी | २००० |
| २ | अस्थायी आवास प्रयोजनको लागी प्रति घरधुरी | २०० |
| ३ | कृषि तथा अन्य प्रयोजनको लागी  प्रति कठ्ठा | ५० |
| ४ | कृषि तथा अन्य प्रयोजनको लागी बाँकी वडाहरुमा प्रति कठ्ठा | २५ |

(ख) हाटबजारमा लाग्ने बिटौरी कर :

| सि.नं | पसलको विवरण | प्रति बजार दर |
|---|---|---|
| १ | किराना पसल,व्लक, छाप्रो, प्रति छाप्रो | ५० |
| २ | कपड्डा पसल प्रति पसल | ५० |
| ३ | जुत्ता चप्पल प्रति पसल | ५० |
| ४ | रेड्डिमेड्ड कपड्डा प्रति पसल | ५० |
| ५ | मसला तेल प्रति पसल | ५० |
| ६ | चामल, चिउरा प्रति पसल | ५० |
| ७ | तरकारी,ढकी तथा छिटि २ भन्दा माथि प्रति पसल | २५ |
| ८ | आलु प्याज प्रति पसल | ४० |
| ९ | खुर्सानी अदुवा प्रति पसल | ३० |
| १० | आलु,अलुवा (सखरखण्ड) तरुल, कोवि प्रति टायर | १५० |
| ११ | आलु,अलुवा (सखरखण्ड) तरुल, कोवि प्रति ट्याक्टर | २०० |
| १२ | सिलाई दोकान प्रति पसल | १५ |
| १३ | प्रति होटल | ५० |
| १४ | कठघेरा भएको जुनसुकै प्रति पसल | ५० |
| १५ | प्रचुन प्रति पसल | ५० |
| १६ | वोका, खसि काटमार प्रति पसल | १०० |
| १७ | कुखुरा किन्ने  र विक्रि गर्ने संग प्रति गोटा दुवै तफैवाट रु १० | १० |
| १८ | परेवा जोडी विक्रि गर्ने र खरिद गर्ने दुवै तर्फवाट ५।५ | १० |
| १९ | सुंगुर/वंगुर काटमार प्रति पसल | १०० |
| २० | ठुलो रांगा काटमार प्रति पसल | ५०० |
| २१ | साँनो रांगा काटमार प्रति पसल | ३०० |

| सि.नं | पसलको विवरण | प्रति बजार दर |
|---|---|---|
| १ | किराना पसल,ब्लक, छाप्रो, प्रति छाप्रो | ५० |
| २२ | माछा प्रति पसल | ३० |
| २३ | फलामको कृर्षिजन्य हतियार पसल | ४० |
| २४ | छाप्रोमा माछा मासु नास्ता प्रति पसल | ४० |
| २५ | चुरा प्रति पसल | ३० |
| २६ | सिद्रा सुकेको माछा प्रति पसल | २० |
| २७ | डोको नाम्लो कुचो प्रति पसल | ४० |
| २८ | मुरी कचेरी खाटमा राख्ने प्रति पसल | ३५ |
| २९ | माटोको भाडां प्रति पसल | २५ |
| ३० | हजाम भूइमा वस्ने प्रति पसल | १५ |
| ३१ | होटल प्रति पसल | ५० |
| ३२ | मिठा प्रति पसल | ५० |
| ३३ | घुंगी प्रति पसल | २० |
| ३४ | जादु खेल खेलाउने | ५० |
| ३५ | जुत्ता चप्पल सिलाउने प्रति पसल | २० |
| ३६ | घडी टर्च लाईट विक्रि गर्ने प्रति पसल | ३० |
| ३७ | ठेलामा आईसक्रिम, चिया नास्ता, फलफुल, चना चटपटे वेच्ने प्रति पसल | ३० |
| ३८ | सांध लगाउने प्रति पसल | २० |
| ३९ | सुन चांदी प्रति पसल | ५० |
| ४० | तामा, कागती, निवुवा प्रति पसल | १५ |
| ४१ | फोटो फ्रेम प्रति पसल | ३० |
| ४२ | रंग, अविर तथा माला प्रति पसल | ३० |
| ४३ | भांडा वर्तन प्रति पसल | ५० |
| ४४ | धोवि प्रति पसल | ३० |
| ४५ | सुर्ति प्रति पसल | ३० |
| ४६ | विउ विजन प्रति पसल | ४० |
| ४७ | तरकारी प्रति छिटि २ भन्दा मूनि | १० |
| ४८ | खसी/वोका/बाखा/पाठापाठी/ खरिद विक्रि गर्ने संग प्रति गोटा रु. ३०।०० गरी दुवैको | ६० |
| ४९ | फलफुल तथा तरकारी प्रति भाँगा (५० के.जी. भन्दा माथिको) | ५० |
| ५० | फलफुल तथा तरकारी प्रति क्यारेट/झोला/ छैटी/डोका (५० के.जी. भन्दा मुनीको) | २० |
| ५१ | धर्म काँटा | ५००० |
| ५२ | माछा प्रति पसल सानो | १५ |

## अनुसूची-६

(दफा ८ सँग सम्बन्धित)

आ.व. **२०८२/०८३** मा लागु हुने पार्किङ शुल्क नि:शुल्क गरिएको छ ।

## अनुसूची-७

(दफा ९ सँग सम्बन्धित)

आ.व. २०८२/०८३ मा लागु हुने जडीबुटी, कबाडी र जीवजन्तु करको दर

### जडीबुटी, कबाडी र जीवजन्तु करको दर

| सि.नं. | विवरण | प्रति के.जी रु. |
|---|---|---|
| १ | जडीबुटी | १ |
| २ | कवाडी मालसामान प्रति ट्रक | १००० |
| ३ | कवाडी मालसामान प्रति ट्यक्टर | ३०० |

## अनुसूची-८

(दफा १० सँग सम्बन्धित)

आ.व. २०८२/०८३ मा लागु हुने सवारी साधन करको दर

नगरपालिका क्षेत्रभित्र संचालन हुन सवारी साधनको वार्षिक सवारी कर प्रदेश कानुन बमोजिम हुनेछ । ।

## अनुसूची-९

(दफा ११सँग सम्बन्धित)

आ.व. २०८२/०८३ मा लागु हुने विज्ञापन करको दर

### विज्ञापन कर

| सि.नं. | विवरण | प्रति विज्ञापन रकम |
|---|---|---|
| १ | नगरपालकि क्षेत्रभित्र व्यवसायिक प्रयोजनका लागि सार्वजनिक स्थल, सडक छेउ र नीजि स्थान मा राखिएको होर्डिङ बोर्ड प्रति वर्ग फिट (सूर्तिजन्य तथा मदीरा जन्य) | १५० |
| २ | नगरपालकि क्षेत्रभित्र व्यवसायिक प्रयोजनका लागि सार्वजनिक स्थल, सडक छेउ र नीजि स्थान मा भित्तेलेखन प्रति वर्ग फिट (सूर्तिजन्य तथा मदीरा जन्य) | ५० |
| ३ | नगरपालकि क्षेत्रभित्र व्यवसायिक प्रयोजनका लागि सार्वजनिक स्थल, सडक छेउ र नीजि स्थान मा राखिएको होर्डिङ बोर्ड प्रति वर्ग फिट | १०० |
| ४ | नगरपालकि क्षेत्रभित्र व्यवसायिक प्रयोजनका लागि सार्वजनिक स्थल, सडक छेउ र नीजि स्थान मा भित्तेलेखन प्रति वर्ग फिट | २५ |
| ५ | डि.पि.एस. बोर्ड प्रति वर्ग फिट | १०० |
| ६ | ग्लो साइन बोर्ड, 2 D र 3 D बोर्ड | १५० |
| ७ | तुल, ब्यानर, गेट आदिमा (बढीमा एक महिना सम्मको लागि) प्रतिगोटा | ५०० |
| ८ | स्टीकर, पोष्टर, फ्रेन्जर प्रति वर्ग फिट | १५० |

# अनुसूची-१०

(दफा १२ सँग सम्बन्धित)

आ.व. **२०८२/०८३** मा लागु हुने सेवा शुल्क तथा दस्तुरको दर

**१. सेवा शुल्क :**

## १.१. अचल सम्पति मूल्याँकन तथा आयश्रोत प्रमाणित :-

| सि.नं | विवरण | रकम |
|---|---|---|
| १ | एक लाख देखि एक करोड सम्म प्रति लाख | २० |

**१.२ सार्वजनिक सेवा उपयोग शुल्क (प्रति पटक)**

सार्वजनिक शौचालय

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | पिसाब गर्दा प्रति व्यक्ति | ५ |
| २ | दिशा गर्दा प्रति व्यक्ति | १० |
| ३ | नुहाउंदा प्रति व्यक्ति | १५ |

## २. भवन निर्माण (नक्शा पास) दस्तुर आ.व.२०८२/०८३

### २.१ पुराना भवन एवं संरचना अभिलेखीकरण प्रयोजनको लागि

| सि.नं | भवनको प्रकार | वेसमेन्ट तल्ला प्रति वर्ग फिट रु. | भूईतल्ला ( प्रति वर्ग फिट रु. ) | पहिलो तल्ला ( प्रति वर्ग फिट रु. ) | दोस्रो तल्ला ( प्रति वर्ग फिट रु. ) | तेस्रो तल्ला र सो भन्दा माथि - प्रति वर्ग फिट रु. ) |
|---|---|---|---|---|---|---|
| १ | आर .सि.सि.पिल्लर भएको | २ | २.५० | ३ | ४ | ४.५ |
| २ | ढुंगा वा इटा वा ब्लकमा सिमेन्ट वालुवाको गारो - आर.सि.सि.को छानो भएको ) | – | १ | २ | ३ | – |
| ३ | सिमेन्टको जोडाईमा ढुंगा वा इटा वा ब्लकको गारो -जस्ता वा टायलको छानो भएको ) | – | ०.७५ | १.५० | – | – |
| ४ | पटाहाको घेराबेरा लगाएतका कच्ची भवन | – | ०.५० | १ | | |

| सि.नं. | कम्पाउन्डवालको प्रकार | प्रति रनिङ फिट रु. |
|---|---|---|
| १ | सिमेन्ट जोडाईको कम्पाउन्डवाल | २ |
| २ | माटो जोडाईको कम्पाउन्डवाल | १ |
| ३ | तारवारको कम्पाउन्ड वाल(एकमुष्ठ) | ०.२५ |

### २.२ नयाँ भवन एवं संरचना निर्माण प्रयोजनका लागि

| सि.नं | भवनको प्रकार | राजमार्ग सडकको दायाँवायाँ वन्ने घर दर प्रति वर्ग फुट ( रु.मा) | शाखा सडकको दायाँवायाँ वन्ने घर दर प्रति वर्ग फुट ( रु.मा) | अन्य सडकको दायाँवायाँ वन्ने घर दर प्रति वर्ग फुट ( रु.मा) |
|---|---|---|---|---|
| १ | आर .सि.सि.पिल्लर भएको | | | |
| १.१ | वेसमेन्ट तल्ला | ३।५० | ३।०० | २।०० |
| १.२ | भूईतल्ला | ४।५० | ४।०० | ३।०० |

| | | | | |
|---|---|---|---|---|
| १.३ | पहिलो तल्ला | ५।५० | ५।०० | ४।०० |
| १.४ | दोस्रो तल्ला | ६।५० | ६।०० | ५।०० |
| १.५ | तेस्रो तल्ला र सो भन्दा माथि | ७।५० | ७।०० | ६।०० |
| २ | ढुंगा वा इटा वा ब्लकमा सिमेन्ट वालुवाको गारो ( आर.सि.सि.को छानो भएको ) | | | |
| २.१ | भूईतल्ला | २।०० | १।७५ | १।५० |
| २.२ | पहिलो तल्ला | ३।०० | २।५० | २।०० |
| २.३ | दोस्रो तल्ला | | | |
| ३ | सिमेन्टको जोडाईमा ढुंगा वा इटा वा ब्लकको गारो -जस्ता वा टायलको छानो भएको ) | | | |
| ३.१ | भूईतल्ला | २।०० | १।७५ | १।५० |
| ३.२ | पहिलो तल्ला | ३।०० | २।५० | २।०० |
| ४ | पटाहाको घेराबेरा लगाएतका कच्ची भवन | | | |
| ४.१ | भूईतल्ला | १।०० | १।०० | १।०० |
| ४.२ | पहिलो तल्ला | १।५० | १।५० | १।५० |
| सि.नं. | कम्पाउन्डवालको प्रकार -(प्रति रनिङ्ग फिट) | | | |
| १ | सिमेन्ट जोडाईको कम्पाउन्डवाल | ३।०० | ३।०० | ३।०० |
| २ | माटो जोडाईको कम्पाउन्डवाल | १।०० | १।०० | १।०० |
| ३ | तारवारको कम्पाउन्ड वाल (एकमुष्ठ) | ०।५० | ०।५० | ०।५० |

नोट: व्यवशायिक भवनमा मापदण्ड र नियमानुसार सो ५० प्रतिशत थप दस्तुर समेत लाग्ने छ ।

**३.दण्ड जरिवाना**

(क) नयाँ निर्माण अनुमती विना वनाएको हकमा ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | जगको कार्य सम्पन्न | नक्सापास दस्तुरको २५% |
| २ | डि.पि.सि.को कार्य सम्पन्न | नक्सापास दस्तुरको ३५% |
| ३ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ५०% |
| ४ | ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% |
| ५ | निर्माण कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% |

नोट :- उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिईनु पर्नेछ ।

(ख) तल्ला थपमा

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ५०% |
| २ | ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% |
| ३ | निर्माणको कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% |

नोट :- उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिईनु पर्नेछ ।

(ग) मालपोतको हकमा

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | मलपोतको हकमा राजस्व तिरेको १ साल पछिबाट | प्रत्येक वर्ष २०% का दरले र त्यसमा हरेक वर्ष ५% थप गरी दस्तुर लिने । |

## ४ सिफारिश तथा अन्य सेवा शुल्कको दर :

| सि.नं. | विवरण | रकम (२०८१।०८२) |
|---|---|---|
| १ | नेपाली नागरिकता सिफारिस | |
| | क) वंशज | नि:शुल्क |
| | ख) वैवाहिक अंगिकृत | नि:शुल्क |
| | ग) प्रतिलिपि | नि:शुल्क |
| २ | नाता प्रमाणित सिफारिश | ५० |
| | क) नेपालीमा (मृतक संग) | ५० |
| | ख) नेपालीमा (अन्य संग) | ५० |
| | ग) अग्रेजीमा | ५० |
| ३ | नाम थर संशोधन सिफारिस | ५० |
| ४ | लेनदेन कारोबारको लिखत प्रमाणित गरेबापतको दस्तुर | २०० |
| ५ | विधुत/धाराको सिफारिश | |
| | क) घरायसी/कृषि | ५० |
| | ख) व्यापारिक | १०० |
| | ग) साना औद्योगिक | ५०० |
| | घ) ठुलो औद्योगिक | १००० |
| ६ | विधुत/धारा नामसारी सिफारिस | ०० |
| ७ | आय श्रोत सिफारिश | ५० |
| ८ | बसोबास प्रमाणित सिफारिश | ०० |
| | क) वैदेशिक प्रयोजन | १०० |
| | ख) स्वदेशी प्रयोजन | ५० |
| ९ | जन्म मिति प्रमाणित सिफारिस | |
| | अग्रेजीमा | ५० |
| | नेपालीमा | ५० |
| १० | जग्गा धनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि सिफारिस दस्तुर | ५० |
| ११ | घर निर्माण सम्पन्न सिफारिस प्रति तल्ला | १०० |
| १२ | घर नक्सा पास नामसारी | |
| | क) कच्ची घर | ३०० |
| | ख) १ तल्ले सम्मको पक्की घर | १००० |
| | ग) २ तल्ले सम्मको पक्की घर | १५०० |
| | घ) २ तल्ले भन्दा बढिको पक्की घर | २००० |
| १३ | घर कायम सिफारिश | |
| | क) पक्की | ३००० |
| | ख) कच्ची/साधारण | १००० |
| १४ | घर/बाटो प्रमाणित (मालपोत रजिष्ट्रेशन प्रयोजनको लागि ) मालपोत मूल्यांकन वा मालपोत मूल्यांकनमा नघटने गरी स्वघोषणा गरेको मूल्यांकन रकमको प्रति लाख | १० |
| १५ | चारकिल्ला प्रमाणित प्रति कित्ता | ५० |
| १६ | घरजग्गा नामसारी सिफारिश | १०० |
| १७ | छुट जग्गा नामसारी सिफारिस दस्तूर (प्रति कठ्ठा) | १०० |
| १८ | छुट तथा आकडा जग्गाको सिफारिश (प्रति कठ्ठा) | १०० |

| | | |
|---|---|---|
| १९ | विटौरी जग्गा नामसारी(मृत्यु भएका कारण नामसारी दा.खा.गर्नु परेमा) | १०० |
| २० | विटौरी जग्गा नामसारी, राजिनामा, वकसपत्र, अंशवण्डा आदिबाट हक हस्तान्तरण सिफारिश | १०० |
| २१ | मोही नामसारी सिफारिश | १०० |
| २२ | पक्की घर निर्माणको लागि काठपात ल्याउने सिफारिस(प्रति क्यू.फि.) | ७ |
| २३ | कच्चीघर निर्माणको लागि काठपात ल्याउने सिफारिस(प्रति क्यू.फि.) | ५ |
| २४ | अंग्रेजी सिफारिस दिनु पर्दा आय श्रोत र अचल सम्पति बाहेकमा | १०० |
| २५ | संस्था दर्ता सिफारिस दस्तुर | ५०० |
| २६ | नाफामूलक संस्था दर्ता सिफारिस दस्तुर | १००० |
| २७ | निजी विद्यालय संचालन सिफारिश | ३००० |
| २८ | निजी विद्यालय कक्षा संचालन तथा स्तरबृद्धिको सिफारिश | ३००० |
| २९ | दलित जनजाति मधेशी प्रमाणित सिफारिश | ०० |
| ३० | चारित्रिक सिफारिस दस्तूर न.पा . वाहिर | १०० |
| ३१ | चारित्रिक सिफारिस दस्तूर न.पा. भित्र | १०० |
| ३२ | भारत जाने सिफारिस | १०० |
| ३३ | अन्य मुलुक जाने सिफारिश | १०० |
| ३४ | व्यक्ति प्रमाणित | १०० |
| ३४ | मृत्यु प्रमाणित सिफारिश(व्यक्तिगत घटना लागुहुन भन्दापूर्वको अवस्थामा ) | १०० |
| ३५ | अन्य प्रमाणित सिफारिश (व्यक्तिगत घटना दर्ता कार्यक्रम लागु नहुदैको अवस्थामा) | १०० |
| ३६ | विवाह सिफारिश/ प्रमाणित/अविवाहित सिफारिस | १०० |
| ३७ | वैदेशिक खाता खोल्ने प्रयोजनको लागि सिफारिश | १०० |
| ३८ | पेन्सनरहरुको लागि जीवित रहेको भन्ने व्यहोराको सम्पर्क सिफारिश | १०० |
| ३९ | परिचय सिफारिश | १०० |
| ४० | पेन्सन प्रयोजनको लागि ठेगाना संशोधन सिफारिश | ०० |
| ४१ | छात्रवृति सिफारिश | ०० |
| ४२ | उपचार सहयोग सिफारिश | ०० |
| ४३ | बसाई सराई गरी अन्यत्र सामानहरु लिई जादा सिफारिश माग भई आएमा | १०० |
| ४४ | उद्योग स्थापना एवं ठाँउसारी सिफारिश | |
| ४५ | ठुला उद्योग | ५००० |
| | मझौला | २५०० |
| | साना | १००० |
| | घरेलु | २५० |
| ४६ | चारित्रिक सिफारिश | १०० |
| ४७ | जग्गा सम्वन्धि अन्य सिफारिश (हकभोक समेत) | १०० |
| ४८ | सार्वजनिक यातायातका साधन नचलेको व्यहोराको सिफारिश | १०० |
| ४९ | दैवी विपत्ति वा भवितव्य परेको सिफारिश | ५० |
| ५० | हराएको प्रमाण पत्रको प्रतिलिपि सिफारिश | १०० |
| ५१ | पेशा व्यवशाय संचालनमा रहेको/वन्द रहेको अवस्थाको सिफारिश | १०० |
| ५२ | न.पा.मा कर चुक्ता गरे पछि दिईने कर चुक्ता सिफारिश | १०० |
| ५३ | परिवार ल्याएको ।नल्याएको सिफारिश | १०० |
| ५४ | विदेशी संग विवहा दर्ता सिफारिश | १५० |

| | | |
|---|---|---|
| ५५ | ठेकका पट्टा इजाजत सिफारिस | २००० |
| ५६ | मोवाइल टावर इजाजत सिफारिस | २००० |
| ५७ | पेट्रोल पम्प स्थापना सिफारिस | २५०० |
| ५८ | अपुताली प्रमाणित | |
| ५९ | क) नेपालको लागि | २००० |
| | ख) विदेशको लागि | १००० |
| ६० | धारा जडान गर्दा न.पा.ले निर्माण गरेका ग्राभेल, कच्ची र पिच सडक कटान गरी लैजानु पर्ने भए लाग्ने दस्तुर रु. १०००।-, ५००।- र २०००।- | धारा जडान गर्दा न.पा.ले निर्माण गरेका ग्राभेल, कच्ची र पिच सडक कटान गरी लैजानु पर्ने भए लाग्ने दस्तुर रु. ५००।-, ३००।- र १००।- |
| ६१ | जग्गा वर्गीकरण सिफारिश | ५० |
| ६२ | व्यक्तिगत घटना दर्ता विवाह दर्ता, जन्मदर्ता, मृत्युदर्ता, बसाई सराई, सम्बन्ध विच्छेद पैतिस (३५) दिन भित्र नि:शुल्क र पैतिस (३५) दिन पछि बिलम्ब शुल्क रु. २००। लाग्नेछ । अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ । | |

## ५. सिफारिश तथा अन्य सेवा शुल्कको दर तथा दस्तुर :

| सि.नं. | विवरण | प्रति सेवा शुल्क |
|---|---|---|
| १ | निवेदन दस्तुर | १०।०० |
| २ | निवेदन फाराम मूल्य | २०।०० |
| ३ | नागरिकता अनुसूची /प्रतिलिपि फाराम दस्तुर | ५०।०० |
| ४ | व्यवशाय प्रमाणपत्र दस्तुर | ५०।०० |
| ५ | व्यवशाय नामसारी/प्रतिलिपि/साझेदार थप घट | २००।०० |
| ६ | सम्पति कर फाराम दस्तुर | २०।०० |

## ६. सहकारी संस्था, लघु, घरेलु तथा साना उद्योग र संघ संस्था दर्ता तथा नवीकरण शुल्क :

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | सहकारी संस्था दर्ता | रु. ५०००। |
| २. | सहकारी संस्था नवीकरण | रु. ३०००। |
| ३. | लघु उद्योग दर्ता | रु. १,०००। |
| ४. | लघु उद्योग नवीकरण | रु. ५००। |
| ५. | घरेलु उद्योग दर्ता | रु. २,०००। |
| ६. | घरेलु उद्योग नवीकरण | रु. १,०००। |
| ७. | साना उद्योग दर्ता | रु. ३,०००। |
| ८. | साना उद्योग नवीकरण | रु. २,०००। |
| ९. | संघ संस्था दर्ता | रु. २,०००। |
| १०. | संघ संस्था नवीकरण | रु. १,०००। |
| ११ | व्यपार व्यवसाय सँग सम्बन्धीत फर्म, किराना पसल, डीलर, डिष्ट्रीब्यूटर, खुद्रा पसल (दुकान) लगायत दर्ता | रु. १,०००। |
| १२ | व्यपार व्यवसाय सँग सम्बन्धीत फर्म, किराना पसल, डीलर, डिष्ट्रीब्यूटर, खुद्रा पसल (दुकान) लगायत नवीकरण | रु. ५००। |
| १३ | अनुमति /इजाजत शुल्क : | |
| | कसर उद्योग | रु. १५,०००। |
| | अन्यको अनुमति | रु. ५,०००। |
| | मझौला उद्योग | रु. २५,०००। |

| | | |
|---|---|---|
| | ठूला उद्योग | रु. ३५,०००। |
| १४ | उद्योग, व्यवसाय बाहेकको काममा अनुमति | रु. १,०००। |
| १५ | व्यवसाय दर्ता, अद्यावधिक वापत | १५००। |
| १६ | व्यवसाय नवीकरण | रु. ५००। |

*नोट: 'घ' वर्गको निर्माण व्यवसाय ईजाजतपत्रको सम्बन्धमा* ***गरुडा नगरपालिको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८०*** *को अनुसूचि -२ बमोजिमको इजाजतपत्र दस्तुर, नवीकरण दस्तुर, नवीकरण थप दस्तुर र प्रतिलिपि दस्तुर लाग्नेछ । स्वास्थ्य संस्था इजाजतपत्र दस्तुर र नवीकरण शुल्क गरुडा नगरपालिका स्वास्थ्य संस्था दर्ता नवीकरण र इजाजत सम्बन्धी निर्देशिका बमोजिम हुनेछ ।*

## ७. अन्य सेवा शूल्कको दर :

| सि.न. | सेवाको किसिम | रकम |
|---|---|---|
| १ | घर नक्सा पास पुस्तिका नयाँ घरको | रु. १०००। |
| | पूरानो घरको अभिलेखीकरण पुस्तीका | रु.७००।०० |
| २ | सर्जमिन मुचुल्का | रु.५००।० |
| ३ | सामुदायिक मध्यस्थ सेवा | रु.१००/- |
| ४ | रकम कलम उठाई दिएवापत प्रति हजार | १०% |
| ५ | सबै खाले निवेदन फारामहरु प्रतिगोटा | रु.२० ।- |
| ६ | मिलापत्र शुल्क (दुवै पक्षसँग आधा आधा) | रु.२०००।-/२०००।- |
| ७ | घर नम्वरिङ्ग प्लेट प्रति गोटा | रु.३०० ।- |
| ८ | न.पा. को श्रोत नक्सा $A_3$साइज प्रति गोटा | रु.५० ।- |
| ९ | विभिन्न नक्सा ठुलो साइजको प्रतिगोटा | रु.२०० ।- |
| १० | विभिन्न नक्सा सानो साइजको प्रतिगोटा | रु.१०० ।- |
| ११ | टोल विकास संस्था दर्ता शुल्क/नविकरण | रु.५०० ।- |
| १२ | व्यवसायिक इजाजत प्रमाण पत्र वापत | रु.१०० ।- |
| १३ | स्थलगत प्राविधिक सेवा शुल्क | रु.१००० ।- |
| १४ | घर खाली गर्ने | रु.१,५००।- |
| १५ | साँधसिमाना छुट्याउने पहिलो कित्ताको लागि | रु.१०००।- |
| १६ | त्यसपछि ५ कठ्ठा सम्म क्षेत्रफल भएको थप प्रतिकित्ता | रु.५००।- |
| १७ | न्यायिक दस्तुर :<br>क) उजुरी दर्ता : रु २००।<br>ख) प्रतिउत्तरपत्र दर्ता रु. १०० | |
| १७. | सङ्घीय कानून र प्रदेश कानुनले स्थानीय तहले लिन सक्ने दस्तुर, सेवाशुल्क तोकेको हकमा सोही कानुनमा उल्लेख भएबमोजिम हुनेछ । | |
| १८ | प्रमाणपत्रको आधारमा व्यक्तिगत घटना दर्ता अनलाइन प्रतिलिपि गराए वापत | रु. ५०। |

## ८. फोटोकपि/प्रतिलिपि सेवा शुल्क

| क्र.सं | विवरण | रकम |
|---|---|---|
| १ | कम्प्युटर प्रिन्टबाट प्रतिलिपि दिदा | १०.०० |
| २ | फोटोकपि शूल्क प्रति गोटा | ३.०० |
| ३ | नक्कल प्रमाणित दस्तूर प्रति कपि | ५.०० |
| ४. | स्थानीइ राजपत्रको सम्बन्धमा राजपत्रमै तोकिएको शुल्क मात्र । | |

**९. नगर सूचना केन्द्रका सामग्रीको दैनिक भाडादर :**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | मल्टीमिडिया प्रोजेक्टर | ३००.०० |
| २ | कम्प्युटर/साउण्ड सिष्टम प्रति दिन | ७००.०० |
| ३ | ह्वाइट र सफ्ट बोर्ड प्रति सेट | २००.०० |
| ४ | लेबल मेसिन प्रतिदिन | ५००.०० |

**१०. टिपर/ब्याकु लोडर, एम्बुलेन्स र सेफ्टी ट्याङ्की सक्सन मसिन भाडा महशुल दर : २०८२/०८३**

| सि.नं. | विवरण | प्रति घन्टा | प्रति सिफ्ट | केफियत |
|---|---|---|---|---|
| १ | ब्याक हो लोडर | | | ब्याक हो लोडरको हकमा सवारी ईन्धन र चालकको भत्ता रु १००।०० प्रति घण्टा सम्बन्धित लेजानेले तिर्ने गरी प्रति घण्टा रु. ८००।०० र नगर बाहिर रु १,१०० र नगरपालिकाको तेल प्रयोग भएमा रु. २,२००।०० र रु.२५००।०० तिर्नू पर्नेछ । |
| २. | ट्रेक्टर, गेडर,पानी टंकी,सैफटी टयांक | | | १. सेफ्टी टयाङ्की प्रति सेफटी ट्याङकर १२००।००<br>२. खाली पानि टयाङ्कीको प्रति टयांकी रु.१०००। र ट्रेक्टर ,पानी टयाङ्की चालक सहित इन्धन बाहेक रु.२५००। प्रतिदिन । |
| ३. | एम्बुलेन्स | | | १. नगर पालिका क्षेत्रभित्रका सेवाग्राहीको हकमा प्रदेश भित्र नि:शुल्क<br>२. नगरपालिका क्षेत्रबाहिरका सेवाग्राहीको हकमा देहाय अनुसार शुल्क लाग्नेछ ।<br>(क) गरुडा देखी गौर रु. १,५००।००<br>(ख) गरुडा देखि गरुडाभित्र रहेका अस्पतालहरुमा सम्म रु. ५००।००<br>(ग) गरुडा देखि चन्द्रपुर सम्म रु. १,५००।००<br>(घ) गरुडा देखि भरतपुर सम्म रु. ७,५००।००<br>(ङ) गरुडा देखि काठमाण्डौ सम्म रु. ११,०००।००<br>(च) गरुडा देखि बीरगंज सम्म रु. ३,५००।००<br>(छ) गरुडा देखि हेटौडा सम्म रु. ५,०००।००<br>(ज) गरुडा देखि रक्सौल सम्म रु. ४,०००।००<br>(झ) गरुडा देखि जनकपुर सम्म रु. ५,५००।००<br>खण्ड (क) देखि खण्ड (झ) मा उल्लेख भएदेखि बाहेकको मा प्रति कि.मि रु. ५० का दरले हिसाव गरी भाडा रकम लिइने छ । |

**यसमा माथी उल्लेखित वस्तु तथा सेवा देखि वाहेकका विषयमा कर दस्तुर र शुल्क लगाउन परेमा कर निर्धारण गर्न पाउने अधिकार नगरकार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय समेत गरियो ।**

**११. वार्षिक ठेक्काको लागि न्यूनतम दर रेट सम्बन्धी व्यवस्था :२०८२/०८३**

| क्र.सं. | ठेक्कालाग्ने स्थान | कर उठाउनुपर्ने क्षेत्र | न्यूनतम कबूल अंक | बोल पत्र फारम दस्तुर |
|---|---|---|---|---|
| १. | गरुडा पशु बजार | बजार क्षेत्र | १७,००,०००। | १,०००। |
| २. | .शिवनगर महम्मदपुर तरकारी बजार | बजार क्षेत्र | ३,५०,०००। | १,०००। |
| ३. | रघुनाथपुर विर्ता बजार | बजार क्षेत्र | १,००,०००। | १,०००। |
| ४. | झाँझ नदी माछा ठेक्का | | १,००,०००। | १,०००। |
| ५. | पोठियाही पोखरी माछा ठेक्का वार्षिक (बहु वर्षे ठेक्का लगाउन सकिने) | वडा नं. ६ पोठियाहीको तीन वटा र २ वटा डबरी | ५,००,०००। | १,०००। |
| ६. | एकमुष्ठ विज्ञापन कर ठेक्का | नगरपालिका क्षेत्रभित्र | | १,०००। |

**यस अनुसूचिमा उल्लेख नभएको कुनै सेवाको हकमा रु. ५००। सेवाशुल्क वा दस्तुर लाग्नेछ।**

## अनुसूची-११

(दफा १३ सँग सम्बन्धित)

आ.व. ०८२/०८३ मा लागु हुने प्राकृतिक श्रोत साधनको विक्रीको न्यूनतम दर

| क्र.सं. | विवरण | न्यूनतम दर |
|---|---|---|
| १ | बालुवा, गिटी एवं माटोजन्य वस्तु प्रति घनमिटर | रु. २००। |
| २. | यस नगरपालिका क्षेत्र बाहिरबाट ल्याइएको कुनै पालिकामा कर नतिरी ल्यएको बालुवा गिटी एवं माटोजन्य वस्तु प्रति घनमिटर | रु. ४००। |
| ३ | काठ प्रति क्यूब फिट | रु.१०००। |

आज्ञाले,
मुहम्मद मुस्ताक आलम
प्रमुख प्रशासकीय अधिकृत

रु. ४०/-